# मल्लरानी गाउँपालिका

बाख्राको साना कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम र लागत साझेदारीमा बाख्रापालन कार्यक्रम

को

आ.व. ०७७/०७८

# सामाजिक परीक्षण

## को

मल्लरानी गाउँपालिका
खलंगा, प्यूठान
दर्ता नं. : ३०९५
मिति : २०७८/०४/२०

श्री प्रशासन शाखा
दर्ता गरी पेश गर्ने

## प्रतिवेदन

पेश गर्ने :

युथ मिडिया डेभलप्मेन्ट सेन्टर नेपाल

खलंगा, प्यूठान

Scanned with CamScanner

१. कार्यक्रमको नाम :

सामाजिक परीक्षण कार्यक्रम

२. कार्यक्रम अवधी :

२०७८ असार १५ देखि २० गतेसम्म

३. कार्यक्रम हुने स्थान :

मल्लरानी गाउँपालिका वडा नं. १, २, ३ र ४

४. सामाजिक परीक्षणमा सहभागी संख्या :

२० जना

Scanned with CamScanner

**५. पृष्ठभुमि :**

स्थानीय सरकार भनेको गाउँपालिका, नगरपालिका, जिल्ला समन्वय समिति बुझिन्छ । लामो समयको अन्तराल पछि मुलुकमा स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन भई जनताले आफ्ना प्रतिनिधि पाएका छन् । लामो समयको अन्तराल पछि मुलुकमा भएको राजनीतिक परिवर्तनसंगै जनताका अपेक्षा धेरै छन्, राज्यले सम्बोधन गर्न सकिरहेको छैन । नेपालमा सुशासन स्थापनाका लागि स्थानीय सरकारको महत्वपूर्ण भूमिका रहँदै आएको छ । नेपालको संविधान, २०७२ मा वहुसंख्यक ग्रामीण जनताको हितलाई ध्यानमा राखी ग्रामीण विकासको गतिलाई तीव्रतर बनाउँदै लैजाने नीति राज्यले अवलम्वन गरेको र संविधानमै स्थानीय तहमा साधन श्रोत परिचालन, अधिकार र जिम्मेवारी निक्षेपण हुने व्यवस्था रहेको छ ।

तीन तहका सरकारहरुले ग्रामीण विकासलाई लक्षित गर्दै विभिन्न परियोजनाहरु संचालन गर्दै आएका छन् । लामो समय स्थानीय तहमा जनप्रतिनिधिहरु नहुँदा नागरिकहरुका आवश्यकताका योजनाहरु परिपुर्ति हुन सकेका थिएनन् । खासगरी सडक पहुँच, शुद्ध खानेपानी, सिंचाई, शिक्षा तथा स्वास्थ्य लागयत गाउँपालिकाका मुख्य समस्याहरु हुन् ।

स्थानीय तहको निर्वाचन पनि नागरिकहरुले आफ्ना जनप्रतिनिधि पाएका छन् । जननिर्वाचित प्रतिनिधिहरुसँगै विकास निर्माणका गतिविधिले समेत तिव्रता पाएका छन् । नतिजामुखी विकास निर्माणको क्रममा बजेट समेत धेरै लगानी भएका छन् ।

यसैसन्दर्भमा मल्लरानी गाउँपालिकाले कृषि तथा पशु क्षेत्रको विकासका लागि विभिन्न गतिविधिहरु संचालन गर्दै आइरहेको छ । कृषकहरु संगको लागत साझेदारीमा पशुपालनलाई व्यवसायीकिकरण गर्नका लागि अनुदान वितरणको काम संचालन गरेको छ । प्रदेश सरकार संगको सहकार्यमा बाखाको पकेट क्षेत्र घोषणा गरि निर्वाहमुखी पशुपालनलाई व्यवसायिक बनाउने प्रयास थालिएको छ । आर्थिक वर्ष ०७७/०७८ मा लाभग्राही कृषकहरुको अनुदान साझेदारीवाट भएका क्रियाकलाप, अनुदानले पशुपालनमा ल्याएको अवसर तथा कार्यक्रम कार्यान्वयनमा आएका अवसर, चुनौती तथा नतिजामा आधारित रहेर सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

स्था. : २०६७

६. परिचय

गाउँपालिका अन्तरगत शिक्षा, सडक, स्वास्थय सेवा प्रवाहमा सुदृढिकरण, खानेपानीको चरम अभाव भएका क्षेत्रहरुमा खानेपानी सुविधा पुहँच विकासका लागि विभिन्न योजनाहरु कार्यान्वयनमा छन् । आम नागरिकलाई आय आर्जनसँग जोड्न र स्थानीय श्रोत साधान र सम्भाव्यताको आधारमा रहेर आय आर्जनका गतिविधिहरु संचालनमा छन् । कृषिमा आधारित तरकारी खेती, फलफूल खेती, पशुपालनमा बाखा, भैसि, रागो पालन जस्ता कार्यहरु भैरन्छन् ।

प्रदेश सरकारसँगको साझेदारीमा र गाउँपालिकाले तय गरेको नीति तथा कार्यक्रम अनुरुप बाखापालनलाई व्यवसायिक बनाउन समुहमा रहेर अनुदान वितरण कार्यक्रम संचालन गरिएको छ । मल्लरानी गाउँपालिका वडा नं. ४ मा दुई वटा कृषक समुहमा पकेट कार्यक्रम सञ्चालन गरिएको छ । पकेट कार्यक्रममा दुई वटा समुहका ५० जना कृषकलाई ४ वटा बाखाका दरले अनुदान प्रदान गरिएको छ । समुहमा एउटा ब्याड बोका रहेको छ ।

लागत साझेोदरीमा पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन प्रक्रिया सम्वन्धी मार्गदर्शन, २०७७ ले निर्दिष्ट गरे बमोजिम मल्लरानी गाउँपालिकाको वडा नं. १, २ र ३ मा बाखापालन समुह गठन गरी बाखा खरिद, औषधी खरिद, समुहमा ब्याड बोका खरिदमा मल्लरानी गाउँपालिकाले किसानहरुसँग लागत साझेोदरी गरेको हो । १० वटा कृषक समुहमा १० जनाका दर १०० जना किसानहरु लागत साझेदारी कार्यक्रममा संलग्न छ । प्रति समुहमा ५० वटा बाखा, एउटा विऊ बोका र औषधी खरिदमा ५० प्रतिशत लागत साझेदारी गरिएको हो ।

७. सामाजिक परीक्षण गर्नुको उद्देश्य :

बाखाको साना कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम र लागत साझेदारीमा बाखापालन कार्यक्रमले किसानलाई बाखापालनमा पुगेको सुविधा, कार्यान्वयनमा परेको समस्या, अवसर र चुनौतीहरुको तथ्य संकलन गरी विश्लेषात्मक प्रतिवेदन तयार गर्न सामाजिक परीक्षण गरिएको छ ।

- विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको अवस्थाको मुल्यांकन र सामाजिक प्रभावको लेखाजोखा गर्ने ।

Scanned with CamScanner

- ➢ योजनाले प्रदान गर्ने सेवालाई थप पारदर्शी र गुणस्तरिय बनाउन सघाउने
- ➢ योजनाको लक्ष्य, उद्धेश्य, बजेट आम्दानी र यसबाट प्राप्त उपलब्धि र खर्चको स्थानीय सरोकारवालाहरु बीचमा जानकारी गराउन ।
- ➢ कार्यक्रम संचालन गर्दा प्राप्त चुनौती, उपलब्धि, सिकाई सार्वजनिक र श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।
- ➢ गतिबिधिहरुको लेखाजोखा तथा मूल्याङ्कन गरि भावि कार्ययोजनाका लागि सुझाव संकलन गर्न ।
- ➢ लक्षित उद्देश्य पूरा भए, नभएको, बजेट सहि रुपमा खर्च भए, नभएको समिक्षा गर्न
- ➢ श्रोत, साधनको सहि उपयोग गर्न पृष्ठपोषण लिन ।

**८. कार्यक्रमको लक्षित समुह र कार्यान्वयनको अवस्था :**

योजनाले लक्ष्य राखेको लक्षित समुहलाई पारेको प्रभावको अध्ययन गरिएको छ । योजनाहरु कार्यान्वयनको अवस्थालाई हेर्दा तोकिएको समय भित्र कार्य सम्पन्न गर्नका लागि स्थानीय, उपभोक्ताहरु क्रियाशिल भएको पाईएको छ ।

**९. सामाजिक परिक्षण अर्न्तगत संचालन भएका गतिविधिहरु र समयावधी :**

- ➢ योजनासँग सम्वन्धीत सन्दर्भ सामाग्रीको अध्ययन र समिक्षा, योजनाहरुको स्थलगत अन्तवार्ता, अवलोकन र उपभोक्ताहरु वीच छलफल - ५ दिन
- ➢ प्रारम्भिक प्रतिवेदन माथि छलफल गरि प्राप्त सल्लाह, सुझावलाई समेटि प्रतिवेदनलाई अन्तिम रुप दिईएको छ । - १ दिन

**१०. परीक्षणले समेटेका मुख्य क्षेत्रहरु :**

परीक्षणले निम्न विषय क्षेत्रहरुलाई मुख्य रुपमा समेटेको छ ।

- ➢ योजना संचालन गर्नुको उद्देश्य ।
- ➢ कार्यान्वयनमा भएको चुनौती ।
- ➢ यसअघिको अवस्था र हालको अवस्था, आसातित उपलब्धी ।
- ➢ योजनका सवल पक्ष ।

Scanned with CamScanner

➢ स्थानीय श्रोत सामाग्रीको प्रयोगको अवस्था ।

➢ स्थानीय जनशक्तिको उपयोगिता ।

➢ योजनाका दुर्लव पक्ष ।

➢ योजना कार्यान्वयनका क्रममा सुशासन कायम गर्न गरिएको प्रयास ।

परीक्षणका क्रममा उठेका सवालहरुलाई कार्यान्वयनका लागि बनाउनुपर्ने कार्ययोजनालाई सुझावका रुपमा उल्लेख गरिएको छ ।

११. प्राप्त नतिजा :

| क्र.सं. | सवल पक्ष | दुर्लव पक्ष | सुधार गर्नुपर्ने |
|---|---|---|---|
| १. | किसानहरुले पाल्दै आएको बाखाको संख्यामा बृद्धि भएको छ । व्यवसायिक बाखापालन तर्फ अग्रसर | सामाजिक परिचालनको पाटो कमजोर रहेको । | सामाजिक परीचालनको कामलाई थप प्रभावकारी बनाउनुपर्ने । |
| २. | बाखा, वीऊ बोका, औषधी एउटै प्याकेजमा बनाइएको छ । | सबै बाखाको विमा भएको छैन । | डाले घाँस खेतीलाई जोड्नुपर्ने । |
| ३. | कतिपय बाखापालक किसानहरु व्यवस्थित खोर निर्माणमा अग्रसर भएका छन् । | समुहका सदस्यहरु धेरै टाढा-टाढा रहेका छन् । | किसानहरुलाई नियमित प्राविधिक सहयोग हुनुपर्ने । |
| ४. | आय श्रोत कमजोर भएका परिवारमा कार्यक्रम जोडिएको । | पारिवारिक अवस्था हेरेर लागत साझेदारी गर्नुपर्ने । | खोर निर्माणमा सहयोग । |
| ५. | बाखाको विमा भएको । | पेश्की रकम नहुँदा किसानलाई बाखा खरिदमा समस्या । | बलियो सामाजिक परिचालन भएमा पेश्की रकम दिन सकिने । |
| ६. | वीऊ बोका पालनको व्यवस्थापन | | |

स्था.: २०६७

बलंगा, प्युठान

Scanned with CamScanner


१२. परीक्षणका क्रममा उठेका केहि सवालहरु :

| क्र.सं. | योजना | सम्वन्धीत पक्ष | कैफियत |
|---|---|---|---|
| १. | नश्ल सुधारमा जोड दिनुपर्ने | गाउँपालिका/अन्य निकाय | |
| २. | उन्नतजातका बाखापालनलाई जोड दिने । | गाउँपालिका/अन्य निकाय | |
| ३. | एउटै टोल छिमेकमा समुह निर्माण गर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ४. | बाखाको संख्या वृद्धि र खोर निर्माण सँगसँगै लैजाने । | गाउँपालिका/अन्य निकाय | |
| ५. | किसानलाई व्यवसायिक बनाउन अनुदानमा आधारिक मात्र नभएर प्रेरित गर्न खालका कार्यक्रम संचालन गरिनुपर्ने | गाउँपालिका/अन्य निकाय | |
| ६. | सवै पशुपंक्षीको विमा गर्न प्रेरित गर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ७. | विमा वापतको रकम भुक्तानी छिटो गर्नुपर्ने । | गाउँपालिका/अन्य निकाय | |
| ८. | किसानहरुलाई समुहमा समेट्दै निश्चित क्षेत्रलाई पकेट क्षेत्रका रुपमा विस्तार गर्नुपर्ने । | | |

१३. परीक्षणका क्रममा अध्ययन गरिएका कागजात :

- पशुसेवा शाखाबाट संचालन भएको गतिविधिबारेको जानकारी तथा तथ्यांक
- कृषक समुहको निर्णय पुस्तिका
- स्थलगत अवलोकन ।
- कृषक समुह, लक्षित वर्ग, स्थानीयसँग छलफल तथा अन्तरक्रिया ।

Scanned with CamScanner



पकेट कार्यक्रम अन्तरगत लम्वेलामा बाखाहरु, मल्लरानी-४



बाखा खोर निर्माण गर्दै समुहका सदस्य, मल्लरानी-१



बाखाको रेखदेख गर्दै किसान, मल्लरानी-१



पकेट कार्यक्रमका बाखा, मल्लरानी-४ कसेरी

Scanned with CamScanner